## तपाईंको पाठ योजना पठाउनुहोस् र एउटा ल्यापटप जित्नुहोस् !

ब्रिटिश काउन्सिल नेपालले आधारभूत सीप (Core Skills) तालिम लिएका शिक्षकहरूको लागि एक पाठयोजना प्रतियोगिता गर्दैछ । यदि तपाईंले विगतमा ब्रिटश काउन्सिलबाट आधारभूत सीप तालिम लिनुभएको छ र हाल शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ भने तपाई यो प्रतियोगितामा भाग लिन योग्य हुनुहुन्छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

### प्रक्रिया

१. दिइएको पाठयोजना तर्जुमाको ढाँचा प्रयोग गर्नुहोस् (संलग्न गरिएको/राखेर पठाइएको) । कृपया ढाँचामा उल्लेख गरिएको शब्दहरूको सङ्ख्या सीमालाई ध्यान दिनुहोला ।

२. तपाईंको पाठयोजना नेपाली वा अङ्ग्रेजी कुनै एउटा भाषामा पठाउनुहोस् । तपाईंको पाठयोजनामा तलका उल्लेख गरिएकामध्ये कुनै एउटा आधारभूत सीप संलग्न हुनुपर्नेछ :

- समलोचनात्मक चिन्तन र समस्या समाधान (Critical thinking and Problem Solving)
- सिर्जनात्मकता र कल्पनाशीलता (Creativity and Imagination)
- डिजिटल साक्षरता (Digital Literacy)

३. तपाईंको पाठयोजना हामीलाई इमेलमापर्कत् connecting.classrooms@britishcouncil.org.np मा पठाउनुहोस् । पाठयोजना २०७५ माघ २२ (फेब्रुअरी ५, २०१९) मगंलबार अपरान्हको ५ बजेसम्म आइपुग्नुपर्नेछ ।

### तपाईंले के प्राप्त गर्नुहुनेछ

(क) सबभन्दा राम्रो पाठयोजना पठाउने पहिलो चारजना शिक्षकहरूले :

- एउटा-एउटा ल्यापटप जित्न सक्नुहुनेछ ।
- बेलायतमा रहेका आधारभूत सीप विज्ञबाट र नेपाली आधारभूत सीप प्रशिक्षकबाट व्यक्तिगत प्रशिक्षण र पृष्ठपोषण/रायसुझाव प्राप्त गर्नुहुनेछ ।
- वहाँहरूकै सम्बन्धित विद्यालयमा पाठ शिक्षणको स्थलगत भिडियो खिचिनेछ र यो ब्रिटिश काउन्सिलको तालिम स्रोतसामग्री हुनेछ ।

(ख) पछिल्लो ६ जना विजेता शिक्षकहरूले :

- स्मार्टफोन जित्नुहुनेछ ।

### पाठ योजना पठाउनको लागि शर्तहरू/मापदण्डहरू

- तपाईंको पाठयोजनाको लागि तपाईंले छनौट गरेको आधारभूत सीपसम्बन्धी गहन (सम्पूर्ण) तालिम (Advance Training) तपाईंले पूरा गरेको हुनुपर्नेछ । त्यसैले आफ्नो पाठयोजना ढाँचामा कृपया तपाईंले कहिले र कहाँ उक्त तालिम लिनुभएको थियो भन्ने कुरासँगै तपाईंलाई तालिम दिने प्रशिक्षकहरूको नामहरू पनि उल्लेख गर्नुहोस् ।
- तपाई हाल शिक्षकको रुपमा कुनै विद्यालयमा कार्यरत हुनपर्नेछ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

### प्रतियोगिताको पृष्ठभूमि

ब्रिटिश काउन्सिल नेपालले सन् २०१२ देखि नेपालमा आधारभूत सीप तालिम प्रदान गर्दै आइरहेको छ। त्यसयता धेरै शिक्षकहरूले दैनिक शिक्षणमा आधारभूत सीप सामेल भएको/गरिएको स्थानीयरुपमा निर्मित भिडियो सामग्रीहरूको लागि आफ्नो इच्छा जाहेर गर्नुभएको छ। यस रायसुझावलाई ध्यानमा राखी ब्रिटिश काउन्सिले आधारभूत सीप सामेल गरिएको चारवटा पाठ शिक्षणहरू भिडियो खिच्दैछ। हामीले ब्रिटिश काउन्सिलबाट आधारभूत सीप तालिम लिनुभएका शिक्षकहरूबाट पाठ योजना पठाउन आग्रह गर्दैछौं। छनौट गरिएका पाठ योजनाहरूमध्येबाट चारवटा पाठ योजनाको भिडियो शिक्षककै कक्षाकोठामा खिचिनेछ र यसलाई भावी आधारभूत सीप तालिम स्रोत सामग्री/शिक्षकको स्वपहुँच स्रोतसामग्रीको रुपमा प्रयोग गरिनेछ।